# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. २०८१/०८२

## स्टेसनरी सामग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आहवानको सूचना

विषयः सिलबन्दी दरभाउपत्र आहवान गरिएको सुचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/१४

यस गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमको स्टेसनरी सामाग्री आपुर्ति गर्नुपर्ने भएको हुदा ईच्छुक उत्पादन कम्पनी तथा अधिकृत बिक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशति गरिएको छ।

**तपसिल**

१. गत आ.ब. मा नवीकरण सहितको इजाजत पत्र, कर चुत्ता प्रमाणपत्र, अधिकृत बिक्रेता प्रमाणपत्र, आयकर/मु.अ.कर मा दर्ता प्रमाणपत्र र गुणस्तर चिन्ह (ISO) प्राप्त प्रमाणहरुको प्रतिलिपी संलग्न राखी निबेदन दस्तुर रु. १०००। (एक हजार रुपैयां) पछि फिर्ता नहुने गरि बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ। साथै निबेदन दस्तुर यस गाउँ कार्यपालिकाको प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको आन्तरकि राजस्व खाता नं. ग १-१, १६१०१२५४१३३०००९८ मा जम्मा गरेको सक्कल भौचर सहित लिखित निबेदन पत्र साथ पेस गरि दरभाउपत्र खरिद गर्न सकिने छ।

२. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरि १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सो दिन सार्बजनिक बिदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट साबिक समयमै पेश गर्नु पर्नेछ।

३. सिलबन्दी दरभाउ फाराम पेश गर्दा पत्रदाताको ग्राह्‍यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. सिलबन्दी दरभाउपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम, सप्लाई गरिने सामानको सुचना नं. र आपुर्ति सम्बन्धि दरभाउपत्र नाम उल्लेख गरी सिलबन्दी गरिएको हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (BID document) यस गा.पा.को ईमेल nawadurgaruralmun@gmail.com मार्फत समेत खरिद गर्न सकिनेछ। सो को लागी यस गाउँ कार्यपालिकाको प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको आन्तरकि राजस्व खाता नं. ग १-१, १६१०१२५४१३३०००९८ मा निबेदन दस्तुर रु. १०००। जम्मा गरेको सक्कलै भौचर साथै अन्य आवश्यक कागजात पेस गर्नुपर्ने छ।

६. यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्र दाताहरुको रोहबरमा खोलिने छ। दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि कार्यालयले दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्बजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिने छ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम बाफत यस कार्यालयको नाममा प्रभु बैंक नवदुर्गा डडेल्धुरा शाखामा रहेको धरौटी खाता नं. ग ३, १६१०१२५४१३३०००३८ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट ७५ दिनको मान्य अबधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गनुपर्ने छ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्विकृत दरभाउदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अंकको सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरि धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरि दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागी कार्यालयमा उपस्थित हुनुपर्ने छ।

९. सिलबन्दी दरभाउपत्रमा उल्लेखित परिणामको सामाग्री, उपकरण आपुर्ति गर्ने प्रयोजनार्थ गाउँ कार्यपालिकाको कार्यालय मणिलेक डडेल्धुरा सम्म ढुवानी गनुपर्ने छ।

१०. कबोल रकम उल्लेख गर्दा तोकीए बमोजिम लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी दरभाउपत्र स्विकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्र स्विकृत भए पश्चात पनि कार्यालयले आवश्यक सामाग्री पुर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ।

१२. सुचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

१३. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

१४. सिलबन्दी दरभाउ सम्बन्धि थप जानकारी आबश्यक परेमा मो. नं. ९८५८७४५४४० र ९८५८७४५४३० मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

१५. खरिद गरिने सामाग्रीहरुको आपुर्तिको प्राबिधिक स्पेशिफिकेशन सम्बन्धि विवरण BID document मा संलग्न राखिनेछ।

१६. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

दरभाउपत्र सम्बन्धि विवरण

| दरभाउपत्र नं. | कामको विवरण | मु.अ.कर सहतिको रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ०१/२०८१-८२ | स्टेसनरी सामाग्री | १६४०२८५। | ४१५००। | |

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत



अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत